नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव श्रोत विकास केन्द्र**

# शिक्षा विकास तथा समन्वय इकाइ

## कास्की, पोखरा

२०७५

प.सः ०८२/८३
चलानी नः ६३९

मितिः २०८२/११/०५
ने.सं ११४६ सिल्लागा आमै

विषयः निर्देशन सम्बन्धमा ।

श्री जिल्लास्थित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरू
कास्की ।

प्रस्तुत विषयमा सुरक्षाकर्मी (ट्राफिक प्रहरी) बाट भएको सवारी साधन चेक जाँचको क्रममा यस जिल्ला स्थित केही विद्यालयका बस चालकहरूले मदिरा सेवन गरी चलाएको पुष्टि भएको खवरले यस कार्यालयको ध्यान आकृष्ट भएको छ । आफ्ना बालबालिकालाई सुरक्षित वातावरणमा सवारी साधनमा विद्यालय देखि घर र घरदेखि विद्यालयमा पुर्याउने कुराको सुनिश्चितता गराउनु विद्यालयको दायित्व हो । तर विद्यालयका बस चालकहरूले मदिरा सेवन गरी बस चलाउनु अत्यन्त दण्डनीय क्रियाकलाप हो । यस्ता क्रियाकलापले ठूलो मानवीय क्षती हुने, विद्यालयको प्रतिष्ठामा नकरात्मक प्रभाव पर्ने र समग्र जनजीवनमा भय र त्रास पैदा गर्ने भएकोले मदिरा सेवन गरी बस चलाउने चालकहरूलाई कार्वाही गर्न र आगामी दिनमा यस्ता अवाञ्छित गतिविधि र क्रियाकलाप नगर्न आफ्नो विद्यालयका चालकहरूलाई सजग र सचेत गराउनु हुन अनुरोध छ । साथै आफ्ना सवारी साधनहरूको समयमै मर्मत सम्भार गर्ने र जोखिम रहित बनाउने दिशामा समेत सजग हुन यो निर्देशन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

लोकनाथ आचार्य
इकाइ प्रमुख (उपसचिव)

बोधार्थः
श्री पोखरा महानगरपालिका, शिक्षा महाशाखा पोखरा कास्की ।
श्री अन्नपूर्ण/रूपा/माछापुच्छ्रे/ मादी गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा कास्की ।
श्री प्याब्सन / एनप्याब्सन/ युनिप्स कास्की ।



फोन नं. ०६१-५७०१४७, ०६१-५५३१३७ फ्याक्स नं. ०६१-५७१०५७ Email: deokaski123@gmail.com Website: www.kaski.edcu.gov.np